# ग्रामथान गाउँपालिका
# Gramthan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of Rural Municipal Executive

पत्र संख्या : २०८१/०८२
Ref.No :2081/082
चलानी नं. :

तेतरिया,मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


**विषयः हाटबजार ठेक्का सम्बन्धि सूचना।**
**(प्रथम पटक प्रकाशित मितिः २०८१।४।०७)**

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत रहेको ७ वटै वडाको विभिन्न स्थानमा लाग्ने हटियाहरु आ.व. २०८१।०८२ का लागी एकमुष्ट ठेक्का आह्वान गर्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिक वा कम्पनी/फर्महरुले रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | वडा नं. | न्यूनतम अंक मु. अ. कर बाहेक | दरभाउपत्रको मुल्य रु. (फिर्ता नहुते गरि) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | १/०८१।०८२ | हाट बजार कर (७ वटै वडामा लाग्ने हटिया) | १-७ | १६,००,०००/- (सोह लाख मात्र) | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म यस कार्यालयमा कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्र १६औं दिन दिनको १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे सिलबन्दी दरभाउपत्रदाता र अन्य प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ।

३. सिलबन्दी दरभाउपत्रदाताले धरौटी बापत आफुले कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैकको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ मा जम्मा गरेको सक्कल प्रति भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र सकार गरेको मितिले १५ दिन भित्र सम्झौता गरी आफुले कबोल गरेको रकम अग्रिम रुपमा एकमुष्ट बुझाउनु पर्नेछ।

५. उल्लेखित शर्त पूरा नगरेमा ठेक्का स्वीकृत भईसकेको भएतापनी ठेक्का बदर गर्न सकिनेछ र ठेक्का बदर गर्नु परेमा धरौटी रकम समेत जफत हुनेछ।

६. ठेक्का सम्झौता भएपछी बन्द हड्ताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकदार पक्षबाट दावी गर्न पाईने छैन्।

७. गा.पा. ले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।साथै ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा गा.पा. को निर्णय अन्तिम हुनेछ।

८. करका दररेटहरु गा.पा. ले तोके बमोजिम अशुल उपर गर्नुपर्नेछ अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

९. हटियामा लाग्ने सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजस्व तथा कर ठेकेदार स्वयमले ब्यहोर्नु पर्नेछ।

१०. यस गा.पा. अन्तर्गत विगतमा बुझाउनुपर्ने ठेक्का पेश्की बेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागि हुन पाउने छैन तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन्।

११. सिलबन्दी फारममा आफुले कबोल गरेको ठेक्का रकम अङ्क र अक्षर दुबैमा केरमेट नगरि स्पष्ट लेख्नु पर्नेछ। तर अङ्क अक्षर फरक परेमा सार्वजनिक हितको सिद्धान्तलाई मानि निर्णय गर्नलाई बाधा पर्ने छैन।

१२. दरभाउपत्र खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी फर्म वा कम्पनीको ईजाजतपत्र, मू. अ. कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

१३. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन्।

१४. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट सोही समयमा गरिनेछ।

१५. उल्लेखित शर्तहरु वाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ।साथै जानकारीको लागी यस गा.पा. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**बोधार्थ:**

१. श्री ७ वटै वडा कार्यालयहरु (सूचना टाँस गरि जानकारी पठाई दिनुहुन)।
२. श्री सुचना प्रविधि शाखा (वेवसाईटमा अपलोड गरिदिनु हुन)।

हरि प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत